जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
चि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २६१ • २०८२ आषाढ २७ गते शुक्रवार • 11 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# औंलोका आयातित बिरामीले निवारणमा चुनौती




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ आषाढ**

मधेश प्रदेशमा औंलोका आयातित बिरामीका कारण निवारणमा चुनौती थपिएको छ । प्रदेशस्तरीय औंलो निवारण निर्देशक समितिको बिहीबार जनकपुरधाममा बसेको अर्द्धवार्षिक बैठकमा प्रस्तुत गरिएको तथ्यांकहरुले आयातित बिरामीले मधेशमा औंलो निवारणमा चुनौती थपिएको देखाएको छ। बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन प्रसाद सिंहले खुला सीमानाकाले औंलो रोग निवारणमा चुनौती थपिएको बताए। मन्त्री सिंहले खुला सीमानाकाले औंलो निवारणका लागि लिएको लक्ष्य पूरा हुन नसकेको तर्क गरे। सन् २०१६ देखि २०२५ भित्र नेपालबाट औंलो निवारण गर्ने राष्ट्रिय लक्ष्य थियो । तर, अझै औंलोका बिरामी फेला पर्ने गरेकालाई सन् २०३० सम्म औंलो शुन्यमा झार्ने लक्ष्य तय गरिएको छ । खुला सीमानाकाले आवतजावत सहज रहेकाले भारतबाट औंलोको बिरामी नेपालमा आउने गरेको छ, उनले भने-सीमानाकामै जाँच गर्ने व्यवस्था मिलाइएको हो। तर, आवतजावत बढी रहेकाले सीमानाकामा जाँच प्रभावकारी हुन सकेको छैन्। औंलोका आयातित बिरामी बढी रहेकाले यसलाई सीमानाकामै रोक्ने उपाय गर्नुपर्नेमा मन्त्री सिंहले जोड दिए। स्थानीय बिरामी न्युन छ, उनले भने-तथ्यांकहरुले आयातित बिरामीको संख्या बृद्धि भएको देखाएको छ। सो बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद कुमार यादवले ज्वरोको लक्ष्ण देखिएमा स्वास्थ्य जाँच गराउनुपर्नेमा जोड दिए। जाँचमा हेलचक्रयाईले गर्दा औंलोको बिरामी बढ्ने गरेकाले समस्या देखिएमा जाँच गराउनुपर्ने धारणा उनको थियो । खुला सीमानाका चुनौती रहेकाले नागरिकले आफैपनि स्वास्थ्य जाँचमा गंभीर बन्नुपर्ने धारणा उनले व्यक्त गरे। बैठकमा तालिम केन्द्र पथलैयाका निर्देशक डा. राजिव कुमार झाले आयातित बिरामीले मधेशमा औंलोलाई शुन्यमा झार्न नसकिएको बताए। भारतको सुरत, महाराष्ट्र लगायतको स्थानबाट फर्किने नेपाली नागरिकमा औंलो रोगको लक्षण बढी देखिएको उनले बताए। जलवायु परिवर्तनको असर ले पनि औंलो निवारणमा समस्या भएको उनले स्वीकारे। बैठकको अध्यक्षता गरेका स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेले औंलो जस्तो रोग निवारणमा स्वास्थ्यकर्मीको भूमिका महत्वपूर्ण रहेकाले यसमा जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिए। विगतमा गाउँ गाउँमा खटिने कर्मचारी, मलेरिया इन्स्पेक्टर लगायतको पद खारेज भइसकेकाले अब ल्याबका कर्मचारीहरुले नै औंलो जाँचमा तदारुकता देखाउनुपर्ने धारणा उनको थियो। बैठकमा स्वास्थ्य निर्देशनालयका वरिष्ठ ल्याल टेक्निसियन फुलेन्द्र यादवले औंलो रोग सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै मधेशमा अहिले १ सय ७२ जना बिरामी रहेको बताए । जसमा सर्लाहीमा मात्रै ७१ जना छन् । सबैभन्दा कम सिरहा र सप्तरीमा मात्र २/२ जना छन्। धनुषामा भने १५ जना औंलो रोगका बिरामी छन् । रौतहटमा ५० जना हुँदा पर्सामा ११ र बारामा २६ र महोत्तरीमा १० जना बिरामी रहेको तथ्यांकले देखाएको छ। यसमा अधिकांश आयातित बिरामी रहेको यादवले जानकारी दिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनस्वास्थ्य प्रशासक निलारमब अधिकारीले औंलो रोग निवारणमा प्रदेशको भूमिकाबारे प्रस्तुतिकरण गरेका थिए। मधेशमा १९ सदस्यीय निर्देशक समिति गठन गर्न सुझाएका छन् । स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य निरीक्षक बिनोद यादवले संचालन गरेको बैठकमा औंलो रोग निवारणका फोकल पर्सन जुगलकिशोर यादवले स्वागत मन्तव्य राखेका थिए।

## मधेशमा कार्यदल बनेपछि पनि भएन सहमति, मन्त्री राखेकोमा विपक्षीको विरोध

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ आषाढ**

मधेश प्रदेशको बजेटमा बिचौलियाको प्रवेश र संशोधनबारे अध्ययन गर्न गठित कार्यदलमा मन्त्रीलाई राखेपछि सर्वदलीय बैठक विना निष्कर्ष सकिएको छ।

बजेटमा भएको त्रुटि छानबिन गर्न तथा सदनको गतिरोध हटाउन प्रदेश सभाले सभामुख रामचन्द्र मण्डलको नेतृत्वमा ६ सदस्य कार्यदल गठन गरेको थियो।



कार्यदल गठनबारे बिहीबार सदनमा सभामुख मण्डलले सदनलाई जानकारी गराएका थिए। तर त्यसमा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवलाई समेत राखेपछि प्रमुख प्रतिपक्षी दलका नेता रामअशिष यादवले असन्तुष्टि जनाए। १० मिनेटका लागि सभामुखले बैठक स्थगित गरेर सुरु भएको सर्वदलीय छलफल सत्तापक्ष र विपक्षी दलको अडानको कारण स्थगित भएको छ।

बैठक २८ असार दिउँसो १ बजेसम्मका लागि स्थगित भएको हो। बैठकमा सत्तापक्षका सांसदहरूले कार्यदलमा मन्त्री रहने अडान लिएका छन्। बजेटमा भएको गडबडीमा सरकार नै संलग्न भएकाले कार्यदल छानबिन समिति जस्तै हुँदा मन्त्रीलाई राख्नु अनुचित हुने अडान विपक्षी दलको छ। नेकपा माओवादी केन्द्र संसदीय दलका उपनेता युवराज भट्टराईले कहीँ नभएको जात्रा सत्ता पक्षले गर्न थालेकाले बैठकमा सहमति हुन नसकेको बताए। 'सरकारमाथि छानबिन हुन्छ । तर सरकारकै प्रतिनिधिलाई कार्यदलमा मन्त्रीलाई र ाख्नु ठीक होइन। सत्तापक्ष र सरकार ले कहीँ नभएको जात्रा गर्न खोजेकोले निष्कर्ष निस्कन सकेन.' उनले भने। जसपाका प्रमुख सचेतक रामअशिष यादवले कुनै पनि हालतमा कार्यदलमा मन्त्रीलाई नस्वीकार्ने बताए । कार्यदलमा जसपा नेपालका प्रमुख सचेतक यादव, प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रबाट जवाहरलाल कुशवाहा, नेकपा एकीकृत समाजवादीबाट कनिष पटेललाई राखिएको थियो भने सत्तापक्षबाट नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव र भौतिक पूर्वाधार विकासमन्त्री समेत रहेका एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई राखिएको हो।




## पाँच पत्रकार संगठनले प्रमुख जिल्ला अधिकारीलाई संयुक्त रूपमा गम्भीर ध्यानाकर्षण गराए

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ आषाढ**

पूर्वाधार विकास कार्यालय, जलेश्वर सँग सम्बन्धित प्रसारित समाचारपछि सामाजिक सञ्जालमा महोत्तरीका पत्रकारहरूमाथि लक्षित हुँदै गरिएको आधारहीन टिप्पणी र आरोपप्रति पत्रकार महासंघ महोत्तरी सहित पाँच पत्रकार संगठनले संयुक्त रूपमा गम्भीर ध्यानाकर्षण गराएका छन्।



नेपाल पत्रकार महासंघ महोत्तरी, प्रेस युनियन नेपाल, प्रेस चौतारी नेपाल, प्रेस सेन्टर नेपाल तथा प्रेस मंच नेपाल महोत्तरीले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै समाचार संकलन र प्रकाशनका आफ्नै प्रक्रिया, कोण र प्रस्तुती हुने स्मरण गराएका छन्।

विज्ञप्तिमा जिल्लामा क्रियाशील पत्रकारहरूको व्यवसायिक निष्ठामाथि प्रश्न उठाउने कार्यलाई समग्र पत्रकारिता पेशामाथिको नियोजित आक्रमणको रूपमा लिइएको छ।


सामुदायिक प्रसारक संघ (अकोराब) मधेश प्रदेशकी अध्यक्ष उपासना तिवारीमाथि सामाजिक सञ्जालमा गरिएको निकृष्ट टिप्पणी र चरित्र हत्या गर्ने शैलीमा लगाइएका आरोपहरू निन्दनीय रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश कुमार दास, प्रेस युनियनका अध्यक्ष सन्तोष कुमार सिंह, प्रेस चौतारी नेपालका अध्यक्ष राम नारायण महतो, प्रेस सेन्टर नेपालका अध्यक्ष विशाल बस्नेत र प्रेस मंच नेपालका अध्यक्ष अरविन्द कुमार झाले हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ।

"समाजमा सामाजिक सद्भाव कायम राख्न सबै जिम्मेवार हुनुपर्छ। सामाजिक सञ्जालमा व्यक्त हुने विचार र टिकाटिप्पणी तथ्यमा आधारित र मर्यादित हुन आवश्यक छ।"पाँचै संगठनले सरोकारवाला निकायलाई यस्ता घटनाप्रति समयमै संवेदनशील भई आवश्यक पहल गर्न आग्रह गरेका छन्। साथै, आगामी दिनमा सामाजिक सञ्जालमा हुने निराधार आरोप-प्रत्यारोप र अविवेकी टिप्पणीले सामाजिक सद्भावमा खलल पुग्न सक्ने भएकाले सबैलाई सजग र सचेत रहन पनि अपिल गरेका छन्।



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय..................

## कृषकमैत्री सहयोग आवश्यक

नेपाल कृषि प्रधान देश हो भनेर बुझ्ने गरिन्थ्यो । तर अहिले वर्तमान परिवेशमा नेपाल कृषि प्रधान देश सत प्रतिशत नरहे पनि यस भनाईलाई सार्थक बनाउन सबै तहबाट कृषकमैत्री विभिन्न सहयोगहरु वितरण गर्न आवश्यक रहेको देखिन्छ । मधेस प्रदेशका विभिन्न जिल्लाहरुमा वर्षाको पानीको वितरण बराबर नभएको कारण खेतियोग्य जमिनहरु सुख्खा देखिन्छ । त्यस्ता ठाउँहरुमा स्थानिय सरकारले बोर्डिंगको व्यवस्था गर्न आवश्यक रहेको देखिन्छ। किनभने बिना पानी खेतिको कल्पना गर्न सकिदैन । किसानलाई विभिन्न बालीहरु विभिन्न समयमा उब्जाउनु पर्ने हुन्छ । त्यसकारण समयमै यस्ता समस्याहरु समाधान भएमा देशको उत्पाकत्व बढन गई अन्न तथा तरकारीहरुको उब्जनीमा बढोत्तरी हुन जान्छ । केहि स्थानिय निकाय बाहेक प्रायजसो स्थानिय निकायले बजेट निर्माण कार्यमा खर्चिएको देखिन्छ । त्यसकारण कृषिमा समान रुपमा लगानी नभई कृषिको अवस्था नाजुक रहेको देखिन्छ । यस कार्यलाई प्रदेश सरकार तथा संघीय सरकारले समेत ध्यान दिन आवश्यक रहेको देखिन्छ। मधेसलाई अन्नको भण्डार भन्ने गरिन्थ्यो तर अहिले यो सार्थकतालाई मुर्त रुप दिनको लागि धेरै नै चुनौतिहरु देखिन्छ । कृषितर्फ सर्वसाधारणलाई आवश्यक सहयोग नभएको कारण गाउँमा पुरुष मान्छेहरु विदेशीएका छन्। कृषियोग्य जमिनहरु खालि बन्जर देखिन्छन् ।प्रधानमन्त्री कृषि आधुनिकिकरण योजना विभिन्न जिल्लाहरुमा संचालन भए पनि कृषि र कृषकमा बदलाब देखिदैन।त्यसकारण कृषकमैत्री सहयोगको प्रयाप्त वितरण जरुरी छ ।

# मटिहानीमा सशर्त अनुदानमा बोर्डिङ जडान,३० विघा खेतमा सिचाई सुविधा

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ आषाढ




मधेश प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत सञ्चालित सिचाइ कार्यक्रममार्फत मटिहानी नगरपालिकाका किसानहरू लाभान्वित हुने भएका छन् । नगरपालिकाको मटिहानी, विसनपुर, गोबरौरा, मझौरा, सानो धिरापुरलगायत छवटा स्थानमा एक-एक वटा बोर्डिङ जडान गरि एका छन् । हालै नगर प्रमुख हरि प्रसाद मण्डले औपचारिक रुपमा बोर्डिङ जडान कार्यको शिलान्यास गर्नुभएको छ । कृषकहरूको खेतमा वर्षैभरि सिंचाइ सुविधा पुऱ्याउन सुरु गरिएको यस योजनाबाट करिब ३० विघा जमिनमा सिंचाइ हुने मटिहानी नगरपालिकाले जनाएको छ। नगर प्रमुख मण्डका अनुसार कृषिमा उत्पादन वृद्धि र किसानहरूको आम्दानी वृद्धिका लागि आगामी दिनमा यस्ता कार्यक्रम थप विस्तार गरिने छ ।





अनुरोधकर्ता
जनताको तटबन्ध कार्यालय
महोत्तरी,मधेश प्रदेश,नेपाल


# टिकटकले नेपाली प्रयोगकर्तालाई बाढीको विश्वसनीय सूचना दिने



जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २६ आषाढ

टिकटकले नेपालमा मनसुन बाढीको प्रकोप बढिरहेको सन्दर्भमा नयाँ सर्च गाइड सार्वजनिक गरेको छ।

यो गाइडले प्रयोगकर्तालाई विश्वसनीय स्रोतबाट बाढीसम्बन्धी जानकारी भेरिफाई गर्न र राष्ट्रिय विपद् सूचना पोर्टल बीआइपीएडीमा सिधै पहुँच दिन्छ।

टिकटकका दक्षिण एसियाका लागि पब्लिक पोलिसी एण्ड गभर्मेन्ट रिलेसन्स हेड फिरदौस मोत्ताकिनले भने, 'संकटको घडीमा समयमै र सही जानकारीको पहुँच अत्यन्तै महत्वपूर्ण हुन्छ भन्ने हामी बुझ्दछौं।'

काठमाडौं। नेपालमा मनसुन बाढीको प्रकोप बढिरहेको सन्दर्भमा टिकटकले विहिबार नयाँ सर्च गाइड सार्वजनिक गरेको छ । यो फिचरले नेपाली प्रयोगकर्तालाई विश्वसनीय र ताजा जानकारीसम्म पहुँच प्राप्त गर्न सहयोग गर्ने विश्वास प्लाटफर्मले लिएको छ ।

## तपाईको टुडे

मेष: साथीसँ ग भेट हुने

वृष: भ्रमणको योग

मिथून: धर्मकर्ममा मन जाने

कर्कट: पढाई मन लाग्ने

सिंह: मिष्ठान भोजन हुने

कन्या: प्रशंसा मिल्ने

तुला: कडा मिहिनेत गर्नुपर्ने

वृश्चिक: खर्च बढने

धनु: पेटमा गडबडी हुने

मकर: आम्दानी बढने

कूम्भ: चोटपटक लाग्ने

मीन: सोचेर बोल्नु होला

## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# इजरायली सेना गाजामा रहेसम्म युद्धविराम असम्भव

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ आषाढ**



गाजामा इजरायली सेनाको ठूलो उपस्थिति रहेसम्म युद्धविराम सम्झौता असम्भव भएको प्यालेष्टिनी सहस्त्र लडाकू समूह (हमास) ले बताएको छ।

हमासले सन् २०२३ को अक्टोबर ७ मा इजरायलमा भएको आक्रमणमा मारिएका १० जनालाई रिहा गर्न सहमत भएको जनाएको छ। दुवै पक्षले अस्थायी युद्धविरामका लागि सहमति जनाउन आइतबारदेखि कतारमा अप्रत्यक्ष वार्ता गरिरहेका छन् र संयुक्त राज्य अमेरिकाले आगामी दिनमा ६० दिनको युद्धविराम हुनेमा आशावादी रहेको बताएको छ। गाजामा सहायताको स्वतन्त्र प्रवाह र इजरायली सैन्य गतिविधिको अन्त्य हुनुपर्ने र यो नै स्थायी शान्तिको लागि 'वास्तविक सुनिश्चतता' को लागि आफ्नो मागको रहेको हमासले बताएको छ। हमासका वरिष्ठ अधिकारी बासेम नइमले बिहीबार एएफपीसँग भने, 'हामी हाम्रो भूमिमाथिको कब्जालाई निरन्तरता दिने र इजरायलको नियन्त्रणमा रहेका एकान्त इलाकाहरूमा हाम्रा मानिसहरूले आत्मसमर्पण गरेको स्वीकार गर्न सक्दैनौं।' 'दोहामा जारी वार्ताको वर्तमान चरणमा वार्ता टोलीले अहिलेसम्म यही कुरा प्रस्तुत गरिरहेको छ,' उनले भने। हमासले इजिप्टको सिमानामा रहेको राफा र दक्षिणी शहर र खान युनिसको बीचमा रहेको तथाकथित मोराग करिडोरमा इजरायलको नियन्त्रणको विरोध गरेको उनले बताए।

# मधेस प्रदेशमा कुल बजेटको ७१ प्रतिशत खर्च

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २६ आषाढ**



चालु आर्थिक २०८१/०८२ मा मधेश सरकारको ७१ प्रतिशत बजेट खर्च भएको छ।

अन्तिम भुक्तानी अवधि असार २५ गते रातिसम्म चालु र पुँजीगत गरी ७१.४८ प्रतिशत बजेट खर्च भएको मधेश सरकारको अर्थ मन्त्रालयले जनाएको छ। मधेश सरकारले चालु आवका लागि ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँको बजेट ल्याएको थियो। पुँजीगत र चालु गरी ३१ अर्ब ३७ करोड ५२ लाख ४३ हजार बजेट खर्च भएको छ। यो कुल बजेटको ७१.४८ प्रतिशत हो। पुँजीगततर्फ २८ अर्ब ६१ करोड २० लाख ७४ हजार बजेट रहेकोमा २१ अर्ब ४९ करोड ७९ लाख ३१ हजार खर्च भएको अर्थ सचिव रामकुमार महतोले जानकारी दिए। यो पुँजीगत बजेटको कुल ७५.६४ प्रतिशत हो। यस्तै चालुतर्फ १५ अर्ब २८ करोड ९६ हजार बजेट रहेकोमा ९ अर्ब ८७ करोड ७३ लाख १२ हजार खर्च भएको हो। यो कुल चालु खर्चको ६४.६४ प्रतिशत हो। यो खर्च विगत आवको तुल्नामा अहिलेसम्मकै उच्च हो। यस चालु आवमा २८.५२ प्रतिशत बजेट मात्र फ्रिज भएको छ। गत आ.व. २०८०/८१ मा ५५.७५ प्रतिशत बजेट फ्रिज भएको थियो।

४४ अर्ब ११ करोड ४६ लाख रुपैयाँको बजेटमा २४ अर्ब ५९ करोड ४५ लाख मात्र खर्च भएको थियो।

# रजनीकान्तको 'कुली यसवर्षकै बहुप्रतीक्षित भारतीय फिल्म

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ आषाढ**



आइएमडीबीले जुलाईदेखि डिसेम्बर २०२५ सम्मका शीर्ष १० भारतीय फिल्मको सूची सार्वजनिक गरेको छ। सूचीको शीर्षस्थानमा आमिर खान, रजनीकान्त र नागार्जुना अक्किनेनी अभिनित 'कूली' रहेको छ।

सूचीमा ऋतिक रोशन अभिनित 'वार २', प्रभास स्टारर 'द राजा साब', र आलिया भट्ट अभिनित 'अल्फा' पनि छन्।

काठमाडौं। विश्व फिल्मको चर्चित डेटाबेस वेबसाइट 'आइएमडीबी'ले जुलाईदेखि डिसेम्बर २०२५ सम्मका बहुप्रतीक्षित शीर्ष १० भारतीय फिल्मको सूची सार्वजनिक गरेको छ। सूचीको शीर्षस्थानमा आमिर खान, रजनीकान्त र नागार्जुना अक्किनेनीको अभिनय रहेको 'कूली' छ। लोकेश कानगराज निर्देशित फिल्मले बाल्यकालदेखि नै बदला लिनको लागि संघर्षरत एक पात्रको कथा भन्छ। सूचीको दोस्रो स्थानमा ऋतिक रोशन, जुनियर एनटीआर र कियारा आडवाणी अभिनित एक्सन थ्रीलर 'वार २' छ। तेस्रो स्थानमा प्रभास स्टारर 'द राजा साब' छ। चौथोमा शान्या कपुर र विक्रान्त मेस्सीको फिल्म 'आँखो कि गुस्ताकियाँ' छ। पाँचौमा मोहित सुरी निर्देशित 'सैयारा' छ भने छैटौंमा टाइगर श्राफको 'बागी ४' छ। सातौं स्थानमा अजय देवगणको 'सन अफ सरदार', आठौंमा मोहनलाल र माल्भिका मोहननको फिल्म 'हृदयपूर्वम'को छ। नवौंमा आश्विन कुमार निर्देशित 'महावतार नरसिंहा' छ भने दशौंमा आलिया भट्ट अभिनित 'अल्फा' छ। फ्यानको पेज भिजिटको आधारमा आइएमडीबीले वर्षेनी लोकप्रिय र प्रतीक्षित फिल्मको सूची सार्वजनिक गर्छ।

# प्रधानमन्त्रीले भने : एनपीएल राष्ट्रिय गौरवको विषय हो, रोकिन हुँदैन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ आषाढ**



प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट राष्ट्रिय गौरवकै विषय भएकाले रोकिन नहुने बताएका छन्। सातदोबाटोमा बिहीबार हाइ पर्फमेन्स सेन्टरको उद्घाटन कार्यक्रममा बोल्दै ओलीले उक्त कुरा बताएका हुन्।

'अब भव्यताको साथ एनपीएलको तयारी गर्नुस्। एनपीएल भनेको हाम्रो नेसनल प्राइड हो। त्यसलाई राष्ट्रिय स्तरमा अझै बढी जोड दिने, त्यसको अट्र्याक्सन बढाउनुपर्छ,' उनले भने, 'एनपीएल गौरवको विषय हो, त्यो खेलिनुपर्छ। एनपीएल अघि बढाउने कुरामा सबैको ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहन्छु।'

साथै उनले सरकारमा आएपछि राजनीति होइन काम गर्नुपर्ने कुरामा पनि जोड दिए। 'सरकारमा पोलिटिकल पार्टी नै आउँछन्। पोलिटिकल पार्टीहरू सरकारमा आएपछि पोलिटिक्स गर्ने होइन। सरकारमा आएपछि जुन क्षेत्रमा काम छ त्यो क्षेत्रको काम गर्ने हो' उनले भने, 'खेलको विकास गर्ने हो भने खेललाई अघि बढाउनुपर्छ। त्यहाँ राजनीति गर्ने होइन। पोलिटिक्स भन्दा बाहिर खेलमा ध्यान दिनुपर्छ।'

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीप्रति लक्षित गर्दै उनले यस्तो बताएका हुन्। अहिले मन्त्री चौधरीले बनाएको कार्यदलले एनपीएलमा देखिएको विवाद छानिबन गरिरहेको छ। सोही क्रममा राखेपको लेटर हेड प्रयोग भएको र यसमा फरक फरक कार्यदल बनेको भन्ने विवाद पनि बाहिरिएको थियो।

त्यसैगरी प्रधानमन्त्री ओलीले कीर्तिपुरमा अहिले बन्दै गरेको रंगशाला सानो देखेर चिन्ता नगर्न पनि आग्रह गरे। 'कम्तीमा ५० हजारले हेर्नेभन्दा सानो अब रंगशाला हुँदैन। कीर्तिपुरमा अहिले बन्दै गरेको देखेर सानो होला भन्ने नसोच्नुहोला, अर्को चरणमा अझै ठूलो हुनेगरी विस्तार हुन्छ,' उनले भने।


## एचआइभीबाट बचौं

***एचआइभीका लक्षणहरु :***
-ज्वरो आउनु
-पखाला लाग्नु
-वजन घट्नु
-जनै खटिरा आउन सक्छन्
-कुपोषणका लक्षणहरू देखिनु
-छालाका विभिन्न समस्या आउनु
-मुख तथा घाँटीमा काई (सेतो) आउनु
-दाँत वा गिजाका समस्याहरू
-खोकी वा स्वास फेर्न गाह्रो हुनु
-चाँडै थकाइ लाग्नु वा कमजोरी हुनु आदि

***यसरी सर्दैन :***
-लामखुट्टेले टोकेर
-एउटै लुगाफाटो प्रयोग गर्दा
-चुम्बन गर्दा
-सँगै पौडी खेल्दा
-बिरामीको स्याहार सुसार गर्दा
-परिवारमा सँगै बस्दा
-एउटै भाँडामा खाना खाँदा
-हाछ्यूँ गर्दा, खोक्दा
-एउटै चर्पी प्रयोग गर्दा



***एचआइभी सर्ने माध्यम :***
-असुरक्षित यौनसम्पर्कबाट
-एचआइभी संक्रमित रगत, रगतबाट बनेका पदार्थ तथा अंगहरु लिँदा
-सुई तथा सिरिन्जको साझा प्रयोगबाट
-संक्रमित आमाबाट बच्चामा



***बच्ने उपाय :***
- सुरक्षित यौन व्यवहार अपनाउने
-सधैँ सही तरिकाले कन्डमको प्रयोग गरी यौनसम्पर्क राख्ने
-सुई तथा छाला छेड्ने औजार नयाँ मात्र प्रयोग गर्ने वा निर्मलीकरण गरेर प्रयोग गर्ने
-एचआइभी संक्रमित महिला गर्भवती नहुने
-यौनरोगको लक्षण देखापरेमा तुरुन्त उपचार गर्ने
-आफ्नो यौनसाथीलाई पनि उपचार गराउने
-अंग प्रत्यारोपण गर्नुपरेमा सम्बन्धित व्यक्तिलाई संक्रमण भए/नभएको कुरामा विशेष ध्यान पुर्‍याउने
- रगत दिँदा सो रगत संक्रमण भए/नभएको पक्का गर्ने।


अनुरोधकर्ता
**स्वास्थ्य कार्यालय**
जलेश्वर,महोत्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश,नेपाल

# गुरुपूर्णिमा र गुरु-शिष्य सम्बन्ध




गुरु भनेको केवल पढाउने व्यक्ति मात्र होइनन्, जीवनको मार्गदर्शक पनि हुन् । गुरुले शिष्यको सोच, आचरण र दृष्टिकोणलाई सकारात्मक दिशामा विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछन् ।

शिष्यले आफ्नो जीवनमा कस्ता मूल्यहरू अंगीकार गर्ने, कस्तो व्यवहार गर्ने र भविष्यमा कस्तो व्यक्तित्व निर्माण गर्ने भन्ने कुरामा गुरुको प्रभाव गहिरो हुन्छ। साँचो गुरुले शिष्यको क्षमता चिनेर उसलाई प्रोत्साहन दिन्छन् र लक्ष्य प्राप्तिमा सही मार्गनिर्देश गर्छन्। गुरुपूर्णिमाको दिन विशेषगरी विद्या आरम्भ गर्ने, गुरुको आशीर्वाद लिने, गुरुप्रति कृतज्ञता प्रकट गर्ने परम्परा रहिआएको छ। गुरुपूर्णिमा हिन्दू संस्कृतिको एक धार्मिक, सांस्कृतिक र आध्यामिक चाड हो। गुरुहरूप्रति श्रद्धा, सम्मान र कृतज्ञता व्यक्त गर्न प्रत्येक वर्ष आषाढ शुक्ल पूर्णिमाको दिन गुरुपूर्णिमा मनाउने गरिन्छ । गुरुपूर्णिमाको अवधारणा वैदिककालदेखि नै सुरु भएको मानिन्छ । वैदिक संस्कृति अनुसार गुरु शब्दमा 'गु'को अर्थ अन्धकार र 'रु' को अर्थ प्रकाश भन्ने बुझिन्छ अर्थात् अज्ञानता हटाई ज्ञानको प्रकाश दिने व्यक्ति नै गुरु हो । महाभारतमा अर्जुन र भगवान कृष्ण बीचको सम्बन्धले गुरु-शिष्य परम्परालाई अझ गहिरो अर्थ दिएको पाइन्छ। गुरुपूर्णिमा विशेष गरी महर्षि वेदव्यासको जन्मजयन्तीको रूपमा पनि मनाउने गरिन्छ । गुरुपूर्णिमाको विकास हिन्दू संस्कृतिमा ज्ञान, संस्कार र आत्मबोधको यात्रासँग गाँसिएको छ। वैदिक युगको गुरुकुल प्रणालीदेखि आधुनिक विद्यालयसम्म यो परम्पराले गुरु-शिष्यको पवित्र सम्बन्धलाई निरन्तर जगेर्ना गरिरहेको छ । संस्कृतमा भनिन्छ, 'गुरुर्ब्रह्मा गुरुर्विष्णु: गुरुदेवो महेश्वरः, गुरुर्साक्षात् परर्ब्रह्म तस्मैश्री गुरुवे नमः' अर्थात् गुरु ब्रह्मा, विष्णु र महेश्वर समान हुन्। उनी साक्षात् परब्रह्म हुन्। गुरु भनेको ज्ञान दिने, जीवनको दिशा देखाउने, अन्धकार बाट उज्यालोमा लैजाने मार्गदर्शक हुन् र शिष्य त्यो ज्ञान र शिक्षालाई श्रद्धा भक्ति, अनुशासन र निष्ठाका साथ ग्रहण गर्ने व्यक्ति हो ।

गुरु-शिष्य सम्बन्ध अर्थात् शिक्षक-विद्यार्थी सम्बन्धको कुरा गर्दा धेरै नै अन्तर रहेको देख्न सकिन्छ। शिक्षक कुनै विशेष विषयमा ज्ञान दिने व्यक्ति हुन् जसले पाठ्यक्रम अनुसार पढाउनुका साथै विद्यार्थीको शैक्षिक विकासमा योगदान पुऱ्याउँछन् । उनीहरूको मुख्य उद्देश्य विद्यार्थीको सीप र बौद्धिक विकास गराउनु हो । र, विद्यार्थी शैक्षिक संस्थामा अध्ययन गर्ने व्यक्ति हो जसको उद्देश्य कुनै विशेष विषयमा ज्ञान प्राप्त गर्नु, परीक्षा पास गर्नु र भविष्यमा पेशा अँगाल्नका निमित्त योग्य बन्नु हो। यसरी शिक्षक विद्यार्थी सम्बन्ध धेरै हदसम्म कक्षा, पाठ्यक्रम र शैक्षिक आवश्यकता अनुसार सीमित हुन्छ। तर गुरु भनेको केवल ज्ञान दिने मात्र नभई जीवनको मार्ग देखाउने, आत्मबोध गराउने र समग्र व्यक्तित्व निर्माण गराउने व्यक्ति हुन । र, शिष्य गुरुबाट जीवनको मार्गदर्शन लिने र आत्मविकासमा समर्पित व्यक्ति हो। शिष्य केवल ज्ञानको खोजीमा मात्र नभई सत्य र आत्मबोधको खोजीमा हुन्छ। तसर्थ, गुरु र शिष्य बीचको सम्बन्ध गहिरो, दीर्घकालीन र आध्यात्मिक हुन्छ। गुरुले शिष्यलाई अज्ञानताको अन्धकारबाट उज्यालोतर्फ लैजान्छन् जसले गर्दा गुरु-शिष्य सम्बन्ध अत्यन्त पवित्र हुनुपर्छ। कुनै पनि शिष्यलाई आफ्नो जीवनमा सफलता प्राप्त गर्न, सत्मार्गमा हिंड्न र नैतिक मूल्यहरूलाई आत्मसात् गर्न गुरुको मार्गदर्शन आवश्यक पर्छ। गुरुको व्यवहार, बोलाइ र शिक्षणशैली नै शिष्यका लागि आदर्श बन्न सक्छ। जब गुरु इमानदार, मिहिनेती र सदाचारयुक्त हुन्छन्, तब शिष्यहरू पनि गुरुका गुणहरू आत्मसात् गर्न थाल्छन्। यसरी गुरु एक प्रेरणाको स्रोत बन्न पुग्छन् र अन्ततः गुरुले रोपेको ज्ञानको बीउ समयसँगै रूख बनेर शिष्यको भविष्य उज्ज्वल बनाउँछ । त्यसैले भन्ने गरिन्छ, शिष्यको सफलता गुरुको सही मार्गदर्शन र प्रेरणाको फल हो । आजको यस विशेष दिनमा गुरु-शिष्य सम्बन्धका केही प्रख्यात तथा प्रसिद्ध दृष्टान्तहरूबारे केही चर्चा-परिचर्चा गरौं।

## कर्ण र गुरु परशुराम

कर्ण र परशुरामको सम्बन्ध हिन्दू महाकाव्य महाभारतमा घटित तथा उल्लिखित एक विशिष्ट गुरु-शिष्य सम्बन्ध हो। गुरु परशुराम ब्राह्मण र क्षत्रीयबीच गहिरो विभेद गर्दथे साथै उनले ब्राह्मणहरूलाई मात्र शिक्षा दिने प्रण लिएका थिए, (तथापि कर्ण, जो सूर्यपुत्र भएर पनि सूतपुत्र अर्थात् रथ चालकका पुत्र भनेर चिनिन्थे) उनमा शस्त्र विद्याको गहिरो भोक र इच्छा थियो । यसैकारण कर्णले आफ्नो वास्तविक पहिचान लुकाएर आफूलाई ब्राह्मणको रूपमा प्रस्तुत गरे र परशुरामलाई गुरु माने। कर्णको तीव्र लगनशीलता र तपस्याबाट प्रभावित भई गुरु परशुरामले सम्पूर्ण शस्त्र-अस्त्र विद्या साथै सबैभन्दा शक्तिशाली अस्त्रशस्त्र प्रयोग गर्न सिकाए। कर्ण पनि परशुरामलाई अत्यन्त श्रद्धा र भक्ति भावले मान्दथे । कर्णको गुरुभक्ति उदाहरणीय थियो। एउटा घटनापश्चात् जब परशुरामले कर्ण ब्राह्मण नभएर सूतपुत्र भन्ने थाहा पाए उनलाई आफू ठगिएको महसुस भयो र क्रोधमा आएर उनले कर्णलाई यस्तो श्राप दिए कि जब उनलाई सबैभन्दा बढी आफ्नो शस्त्र-अस्त्र विद्याको प्रयोग गर्नुपर्ने समय आउनेछ, तब उनी सबै कुरा बिर्सनेछन्। यस घटनाले गुरु-शिष्य सम्बन्धमा सत्य, छल, विश्वास, श्राप र परिणामको विषयमा गहिरो सन्देश बोकेको छ। कर्णको पक्षबाट हेर्दा, उनले शिक्षा तथा ज्ञान प्राप्तिका लागि झुट बोले तापनि उनको समर्पण र मिहिनेतमा कुनै कमी थिएन। गुरु परशुरामको दृष्टिबाट हेर्दा, गुरुको विश्वासको भावनामा छलकपट गर्नु ठूलो विश्वासघात थियो। यस सम्बन्धले पुष्टि गर्दछ कि गुरु-शिष्य सम्बन्ध केवल ज्ञानको आदानप्रदान मात्र नभएर सत्यता, इमानदारी र विश्वासको जगमा अडेको हुनुपर्दछ। यदि यी तत्वहरूमा केही कमी-कमजोरी भए त्यो सम्बन्ध अन्ततः पीडादायक बन्न जान्छ। कर्ण र गुरु परशुरामको सम्बन्धले हामीलाई गुरुप्रति निष्ठा मात्र नभई सत्यता पनि उत्तिकै आवश्यक हुने कुरालाई दर्शाउँछ। साथै, गुरुले पनि शिष्यको भावना, परिस्थिति र उद्देश्यलाई बुझ्न सक्नुपर्छ। जब गुरु-शिष्य दुवै बीच पारदर्शिता र समझदारी हुन्छ, तब मात्र गुरु-शिष्य सम्बन्धले साँच्चिकै जीवन परिवर्तन गर्ने सामर्थ्य राख्दछ।

## अर्जुन र गुरु द्रोणाचार्य

संसारकै प्रसिद्ध गुरु-शिष्य सम्बन्धहरू मध्येको एक हो अर्जुन र गुरु द्रोणाचार्यको सम्बन्ध । यो पनि महाभारतकै सन्दर्भ हो । गुरु द्रोणाचार्य अर्जुनका मात्र नभई सम्पूर्ण कौरव-पाण्डव राजकुमारहरूका गुरु थिए, तर अर्जुनप्रति गुरु द्रोणाचार्यको स्नेह, अपेक्षा र विश्वास विशेष थियो । उनले अर्जुनलाई आफ्नो सबैभन्दा योग्य र प्रिय शिष्य मानेका थिए । अर्जुनले पनि आफ्ना गुरु द्रोणाचार्यप्रति अपार श्रद्धा, समर्पण र निष्ठा देखाएका थिए। उनी नियमित अभ्यास, एकाग्रता र गुरुको आदेशको पालनामा सबैभन्दा अब्बल शिष्य थिए । एकदिन, गुरु द्रोणाचार्यले सबै शिष्यहरूलाई निशाना लगाउन आदेश दिएर सोधे कि के देख्दछौ, शिष्यहरू कसैले रूख, कसैले हाँगा, कसैले पात त कसैले चरा देखेको बताए । अर्जुनको जब पालो आयो उनले भने म चराको एउटा आँखा मात्र देखिर हेको छु भने। यस उदाहरणले अर्जुनको लक्ष्यमा केन्द्रित मानसिकता र गुरुको शिक्षालाई पूर्ण रूपमा आत्मसात् गरेको प्रमाण दिन्छ। गुरु द्रोणाचार्यले अर्जुनलाई उत्कृष्ट धनुर्धारी बनाउने प्रण गरेका थिए। त्यो प्रणमा एकलव्य तारो बनेर उभिए । ब्राह्मण तथा क्षत्रीय कुलबाट जन्म नभएका कारण द्रोणाचार्यबाट धनुर्विद्या सिक्न नपाउने भएपछि एकलव्यले जंगलमै द्रोणाचार्यको मूर्ति स्थापना गरी त्यसैलाई गुरु मानेर शक्तिभावले धनुर्विद्या सिकेका थिए । उनी पूर्ण रूपमा धनुर्विद्यामा पारंगत पनि भए । र एकदिन द्रोणाचार्यलाई आफ्नो कौशल देखाए । इतिहासमा केही यस्ता गुरु-शिष्य सम्बन्ध छन्, जसले केवल व्यक्तिको जीवन मात्र नभई समग्र राष्ट्रको इतिहास बदलिदिएको छ ।

अर्जुनभन्दा राम्रो धनुर्विद्या देखेपछि गुरु द्रोणाचार्यले एकलव्यसँग उसको बुढीऔंला गुरुदक्षिणास्वरुप मागे । ताकि, बुढीऔंलाको अभावमा उनी धनु चलाउन सक्दैनथे र अर्जुन उनीभन्दा अघि नै हुन्थे। यो घटना द्रोणाचार्यको अर्जुनप्रतिको विशेष पक्षपात थियो, उनले अर्जुनलाई संसार को सर्वश्रेष्ठ धनुर्धारी बनाउन कुनै कसर बाँकी राखेनन्। महाभारतको युद्धमा यस्तो समय आयो अर्जुनले आफ्नै गुरु द्रोणाचार्यविरुद्ध धनु उठाउनुपऱ्यो। इतिहासमा यो घटना नै गुरु-शिष्य सम्बन्धको सबैभन्दा पीडादायक पक्ष हो । तर त्यो परिस्थिति धर्म र कर्तव्यको द्वन्द्व थियो। यसबाट के पुष्टि हुन्छ भने कहिलेकाहीं सम्बन्ध भन्दा माथि राष्ट्रधर्म र मानवधर्म हुन्छ । र, युद्धको आवश्यकता पर्छ । अर्जुन र द्रोणाचार्यको सम्बन्ध गुरु-शिष्य सम्बन्धको उच्चतम रूप हो जहाँ गुरुले शिष्यलाई योग्यतम बनाउन सबै कुरा दिन्छन्, र शिष्यले पनि गुरुका हरेक कुरालाई आत्मसात् गर्दै उत्कृष्ट बनाउँछ। तर, जब धर्म र निष्ठा आमनेसामने आउँछन्, तब सम्बन्धको परीक्षा हुन्छ। यो सम्बन्धले निष्ठा, कर्तव्य र शिक्षाको गहिरो अर्थ दिन्छ।

## चन्द्रगुप्त र गुरु चाणक्य

इतिहासमा केही यस्ता गुरु-शिष्य सम्बन्ध छन्, जसले केवल व्यक्तिको जीवन मात्र नभई समग्र राष्ट्रको इतिहास बदलिदिएको छ। चन्द्रगुप्त मौर्य र गुरु चाणक्य बीचको सम्बन्ध इतिहासकै प्रेरणादायी र असाधारण सम्बन्ध हो। चाणक्य एक महान् राजनीतिज्ञ, अर्थशास्त्री, कूटनीतिज्ञ र दार्शनिक थिए। नन्द वंशको अन्याय, भ्रष्टाचार र राजनैतिक अराजकताबाट मुक्ति र असल शासनको स्थापना गर्ने हेतुले चाणक्यले एक नवयुवकलाई खोजे जसमा उनी भविष्यको सम्राट देख्थे ।

उनी थिए, चन्द्रगुप्त मौर्य। चन्द्रगुप्त सामान्य परिवारमा जन्मिएका थिए, उनमा सामर्थ्य थियो, तर अवसर थिएन। गुरु चाणक्यले त्यो अवसर को ढोका खोलिदिए, उनले चन्द्रगुप्तलाई शिक्षा-दीक्षा दिए, राजनीतिमा निपुण बनाए र कसरी एउटा राष्ट्रलाई एकताबद्ध गरेर नेतृत्व गर्ने भन्ने सम्पूर्ण ज्ञान दिए।

गुरु चाणक्यले चन्द्रगुप्तलाई केवल राजा मात्र बनाउन चाहेनन्, उनी एक न्यायपूर्ण, बुद्धिमान र कूटनीतिक शासक बनुन् भन्ने उनको चाहना थियो। चन्द्रगुप्तले पनि गुरुप्रतिको अटुट निष्ठा, श्रद्धा र अनुशासन देखाए । गुरु-शिष्य बीचको यो समर्पणले भारतको पहिलो विशाल मौर्य साम्राज्यको स्थापना गर्न सफल भयो । चन्द्रगुप्त र गुरु चाणक्यको सम्बन्ध केवल गुरु-शिष्य बीचको नाताभन्दा धेरै माथि थियो । यो सम्बन्ध दृष्टिकोण र दर्शनको एकताको उदाहरण हो, जहाँ गुरुले शिष्यलाई पढाउने मात्र नभई उसमा राष्ट्र निर्माणको सपना बीजारोपण गर्छ र शिष्य केवल सिक्दैन, गुरुको सपनालाई यथार्थमा बदल्छ। यस सम्बन्धबाट के पुष्टि हुन्छ भने एक सच्चा गुरुले एउटा असाधारण शिष्य निर्माण गर्न सक्छ र एक सच्चा शिष्यले गुरुको सपना पूरा गरेर इतिहास बदल्न सक्छ। माथि उल्लिखित दृष्टान्तहरूले सिकाउँछन् कि गुरु-शिष्य सम्बन्ध केवल ज्ञान दिने र लिने मात्र होइन, गुरु-शिष्य सम्बन्ध सत्यता, विश्वास, सम्मान, समर्पण र नैतिकताको सम्बन्ध पनि हो। यो जीवनपर्यन्त रहिरहने बन्धन पनि हो। हामी सबैमा कुनै न कुनै प्रतिभा र गुण हुन्छ, तर ती सबै समयमै वा आफैंले चिन्न सक्दैनौं। त्यसबेलामा गुरुको भूमिका महत्वपूर्ण हुन्छ। गुरु त्यो दर्पण हुन्, जसले शिष्यलाई आफ्नो असली रूप देखाउँछन्। गुरु त्यो ज्योति हुन् जसले शिष्यलाई अज्ञानताको अन्धकारबाट निकालेर आत्मविश्वास, क्षमता र आत्म पहिचानतर्फ डोऱ्याउँछन्। गुरु त्यो कुम्भकार हुन् जसले काँचो माटोलाई आकार दिंदादिंदै एउटा उत्कृष्ट पात्र शिष्य बनाउँछन्।

गुरु भनेको केवल पढाउने व्यक्ति मात्र होइनन्, जीवनका मार्गदर्शक पनि हुन् । गुरुले शिष्यको सोच, आचरण र दृष्टिकोणलाई सकारात्मक दिशामा विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछन्। शिष्यले आफ्नो जीवनमा कस्ता मूल्यहरू अंगीकार गर्ने, कस्तो व्यवहार गर्ने र भविष्यमा कस्तो व्यक्तित्व निर्माण गर्ने भन्ने कुरामा गुरुको प्रभाव गहिरो हुन्छ । गुरुले पाठ्यपुस्तकका ज्ञानको साथसाथै सहनशीलता, अनुशासन, सत्यता, मिहिनेत, आदर र सद्भाव जस्ता जीवनका अमूल्य शिक्षा पनि दिन्छन् । साँचो गुरुले शिष्यको क्षमता चिनेर उसलाई प्रोत्साहन दिन्छन् र लक्ष्य प्राप्तिमा सही मार्गनिर्देश गर्छन् । गुरुपूर्णिमाको दिन विशेषगरी विद्या आरम्भ गर्ने, गुरुको आशीर्वाद लिने, गुरुप्रति कृतज्ञता प्रकट गर्ने परम्परा रहिआएको छ। आजको आधुनिक तथा वैज्ञानिक युगमा पनि गुरु तथा शिक्षकहरूको योगदान अत्यन्त महत्वपूर्ण छ । विद्यालयका शिक्षकदेखि जीवनका प्रत्येक पाटोमा हामीलाई सही बाटो देखाउने हरेक व्यक्तिहरू हाम्रा गुरु हुन्। यस दिनमा हामीले आफ्ना गुरुहरूप्रति सम्मान प्रकट गर्दै उनीहरूले दिएको शिक्षालाई जीवनमा लागू गर्ने प्रण गर्नुपर्छ । (पराजुली, जनप्रशासन क्याम्पसका फ्याकल्टी मेम्बर हुन्।)

साभार : अनलाईन खबर ।







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday